# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १५२ | काठमाडौं | सोमबार, ०६ असोज २०८२ | Prabhab National Daily | Monday, 22 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



आन्तरिक पर्यटन प्रवर्द्धन गरौं

- नेपालका हिमशृत्त्ला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं।
- ग्रामीण पर्यटनका आधारको रूपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड


जेन-जी आन्दोलनमा दमन

## न्यायिक आयोग बन्यो, प्रतिवेदन कार्यान्वयनमा आशंका

- जेन-जी आन्दोलनमा भएको दमनको छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन
- पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित अयोगमा पूर्वएआइजी विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारी सदस्य
- छानबिन गरेर प्रतिवेदन बुझाउनुपर्ने अवधि तीन महिना
- पहिलो र दोस्रो जनआन्दोलनमा भएको सरकारी दमनको छानबिन गर्न गठित आयोगले बुझाएको प्रतिवेदनअनुसार कसैलाई कारबाही भएन
- जेन-जी आन्दोलनलाई दमन गर्नेहरूले पनि उन्मुक्ति पाउने चिन्ता



गौरीबहादुर कार्की



मलाई शंका छ कि छानबिन आयोग गठन गर्ने, आयोगले प्रतिवेदन बुझाउने अनि सरकारले थन्क्याउने ।

**कृष्णजंग रायमाझी**
पूर्वन्यायाधीश, सर्वोच्च अदालत

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले गत भदौको २३ र २४ गते भएको जेन-जी आन्दोलनमा ७४ जनाले ज्यान गुमाएको घटनाबारे जाँचबुझ गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले विशेष अदालतका पूर्वअध्यक्ष एवं पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको हो । आयोगको सदस्यमा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन् । आयोगलाई घटनाको छानबिन गरेर प्रतिवेदन बुझाउने समय तीन महिना दिइएको छ ।

गत सोमबार बसेको मन्त्रिपरिषद्ले नै आन्दोलनमा भएको दमनको छानबिन गर्न आयोग बनाउने निर्णय गरेको थियो । प्रधानमन्त्रीका रूपमा सुशीला कार्कीले पदभार ग्रहण गरेकै दिन जेन-जी आन्दोलनका क्रममा सरकारी-सार्वजनिक र निजी सम्पत्ति तोडफोड र आगजनीमा संलग्नलाई कारबाहीको दायरामा ल्याउने बताएकी थिइन् । सोही अनुसार न्यायिक आयोग गठन गरेको हो ।

जेन-जी आन्दोलनमा घातक बल प्रयोग गरेर दमन गरेको आरोप केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारलाई छ । आरोपलाई स्वीकार गर्न भने ओली तयार छैनन् । आन्दोलनपछि सार्वजनिक मञ्चमा कहीं नदेखिएका उनले संविधान दिवसमा सन्देश जारी गर्दै भनेका थिए, 'सरकारले प्रदर्शनकारीलाई ताकीताकी गोली हान्ने आदेश दिएको थिएन ।'

क्रमशः पृष्ठ २ मा

मन्त्रिपरिषद्को निर्णय

# प्राधिकरणबाट शाक्यलाई हटाइयो, पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा उच्चस्तरीय आयोग गठन

- जेन-जी आन्दोलनमा भएका दमनको छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय उच्चस्तरीय आयोग गठन
- नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई ऊर्जा आयोगमा सरूवा, मनोज सिलवाल प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त
- ओली सरकारले अघि बढाएको तीन करोडभन्दा कमका टुक्रे योजना रोक्का
- जेन-जी आन्दोलनबाट सिर्जित असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक प्रतिष्ठानका लागि राहत कार्यक्रम
- जेन-जी आन्दोलनका कारण आगजनी र तोडफोड भएका वस्तुहरु पुनः आयात गर्नुपर्दा निश्चित प्रतिशत भन्सार छुट दिने व्यवस्थासहितको पुनरूत्थान योजना
- ध्वस्त भएका संरचना पुनर्निर्माण गर्न आवश्यक वस्तु आयातमा ५० प्रतिशत छुट



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई पदबाट हटाएको छ । शाक्यको ठाउँमा प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशक इञ्जिनियर मनोज सिलवाललाई नियुक्त गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्राधिकरणबाट शाक्यलाई जल तथा ऊर्जा आयोगमा सरुवा गर्ने निर्णय गरेको हो । 'नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा सरुवा गरिएको छ,' आइतबार मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै मन्त्री अर्यालले भने । आयोगमा शाक्यका लागि विशिष्ट श्रेणीको पद सिर्जना गरिएको बताइएको छ ।

केपी शर्मा ओली नेतृत्वको पूर्ववर्ती सरकारले गत ११ चैतमा प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएर शाक्यलाई नियुक्त गरेको थियो । निवर्तमान ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको प्रस्तावमा तत्कालीन मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको थियो । जेन-जी आन्दोलनपछि बनेको वर्तमान सरकारमा घिसिङ ऊर्जामन्त्री छन् ।

क्रमशः पृष्ठ २ मा

## थपिँदै पाँच मन्त्री



जगदीश खरेल



महावीर पुन



संगीता कौशल मिश्रा



डा. मदन परियार



अनिलकुमार सिन्हा

प्रधानमन्त्री सुशीला कार्कीले थप पाँच जनालाई मन्त्री नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेकी छन् । विभिन्न समूहसँगको छलफलपछि उनले आइतबार पूर्वन्यायाधीश अनिलकुमार सिन्हा, वैज्ञानिक महावीर पुन, तत्कालीन राज्य पुनर्संरचना आयोगका संयोजक डा. मदन परियार, अतिरिक्त सचिव संगीता कौशल मिश्रा र पत्रकार जगदीश खरेललाई मन्त्रीमा सिफारिस गरेकी हुन् ।

सिन्हालाई कानुन तथा संसदीय मामिला, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि सुधारसहितका मन्त्रालय दिने तयारी छ । यस्तै पुनलाई शिक्षा, विज्ञान तथा प्रविधि, डा. मिश्रालाई स्वास्थ्य तथा जनसंख्या, खरेललाई सञ्चार तथा सूचना प्रविधि र डा. परियारलाई कृषि मन्त्रालयको जिम्मेवारी दिइने बताइएको छ ।

पाँचै जना मन्त्रीको शपथ आज हुने राष्ट्रपतिको कार्यालयले जानकारी दिएको छ । खरेल इमेज टेलिभिजनका प्रमुख हुन् भने डा. मिश्रा स्वास्थ्य मन्त्रालयको अतिरिक्त सचिवबाट राजीनामा दिएर मन्त्री बन्न लागेकी हुन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## कोरियामा पाँच वर्षयता बढ्यो कार्यस्थल दुर्घटनामा पर्ने कामदारको संख्या

- सन् २०२४ मा नौ हजार २१९ जना आप्रवासी कामदार कार्यस्थलमा दुर्घटनामा परेका छन्, यो संख्या सन् २०२० यताको सबैभन्दा बढी हो
- उत्पादन र निर्माण उद्योगमा काम गर्नेहरु दुर्घटनाको सबैभन्दा बढी जोखिममा
- कोरिया सरकारद्वारा व्यापक श्रम सुरक्षा योजना सार्वजनिक, विदेशी कामदार घातक दुर्घटनामा परे सम्बन्धित कम्पनीलाई तीन वर्षका लागि आप्रवासी श्रमिक राख्न प्रतिबन्ध लगाइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियामा विगत पाँच वर्षयता कार्यस्थल दुर्घटनामा पर्ने विदेशी कामदारको संख्या बढेको पाइएको छ । यसले आप्रवासी कामदारका लागि अपनाइने सुरक्षा उपायहरूमा कमजोरी भएको भन्दै आलोचना गर्न थालिएको छ ।

आइतबार कोरियाको रोजगार तथा श्रम मन्त्रालयले सत्तारुढ डेमोक्रेटिक पार्टीका प्रतिनिधि काङ देउक-गुलाई उपलब्ध गराएको तथ्यांकले कार्यक्षेत्रमा हुने दुर्घटना बढेको देखाएको हो । उक्त तथ्यांकाअनुसार सन् २०२४ मा नौ हजार २१९ जना आप्रवासी कामदार कार्यस्थलमा दुर्घटनामा परेका छन् । यो संख्या सन् २०२० पछि सबैभन्दा बढी भएको जनाइएको छ । उक्त संख्यामा कामसँग सम्बन्धित दुर्घटना र रोगका कारण ११४ जनाको मृत्यु भएको थियो ।

सरकारी तथ्यांकले सन् २०२० देखि हरेक वर्ष दुर्घटनामा पर्नेहरूको संख्या बढ्दै गएको देखाएको छ । जसअनुसार यस्तो संख्या २०२० मा सात हजार ५८३ बाट बढेर २०२१ मा आठ हजार ३० पुगेको थियो । सन् २०२२ मा आठ २८६, २०२३ मा आठ हजार ७९२ र गत वर्ष २०२४ मा नौ हजार २१९ पुगेको थियो । यस वर्षको पहिलो छ महिनामा यसरी दुर्घटनामा पर्नेहरूको संख्या चार हजार ५५० पुगेको जनाइएको छ । यो तथ्यांकले सन् २०२५ को कूल संख्या फेरि बढ्न सक्ने चिन्ता बढाएको छ । विगत पाँच वर्षयता वार्षिक मृत्युदर लगातार १०० भन्दा माथि रहेको जनाइएको छ । सन् २०२१ मा सबैभन्दा बढी १२९ जना श्रमिकको मृत्यु भएको थियो ।

तथ्यांकअनुसार उत्पादन र निर्माण उद्योगमा काम गर्नेहरू दुर्घटनाको सबैभन्दा बढी जोखिममा पर्ने गरेका छन् । प्रत्येक वर्ष यी दुई क्षेत्रबाट छ हजारभन्दा बढी पीडित हुने गरेका थिए । यद्यपि, गत वर्ष यस्तो संख्या बढेर सात हजार चार पुगेको थियो । सन् २०२४ मा दुर्घटनामा परेकाहरूमध्ये उक्त संख्या ७५ प्रतिशत भएको जनाइएको छ ।

शारीरिकरूपमा बढी खट्नपर्ने उद्योगहरूमा विभिन्न स्वास्थ्य अवस्थाबाट पीडित हुनेहरूभन्दा दुर्घटनामा पर्नेहरूको संख्या बढी रहेको पाइएको छ । सन् २०२४ मा उत्पादन क्षेत्रबाट तीन हजार ६०२ जना पीडितमध्ये तीन हजार ४९५ दुर्घटनामा परेका थिए । त्यस्तै, निर्माण क्षेत्रमा सोही वर्ष कूल तीन हजार ४०२ जना पीडित भएकामध्ये तीन हजार ९५ जना दुर्घटनामा परेका थिए ।

क्रमशः पृष्ठ २ मा

## अख्तियारमा उजुरीको चाङ

संघीय सरकारविरुद्ध मात्रै साढे १२ हजार उजुरी, आयोगले दायर गरेका मुद्दामा छ अर्ब बिगो दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०८१-०८२ को ३५औं प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनले भ्रष्टाचारको भयावह स्थिति देखाएको छ ।

हालै जेन-जी पुस्ताले भ्रष्टाचारविरुद्ध आन्दोलन गरेको बेला अख्तियारले स्थानीय, प्रदेश र संघीय सरकारसँग सम्बन्धित निकायविरुद्ध परेका भ्रष्टाचारजन्य उजुरीको विवरण सार्वजनिक गरेको छ । अख्तियारले विशेष अदालतमा घुस, गैरकानुनी लाभ, गैरकानुनी सम्पत्ति आर्जन, सार्वजनिक सम्पत्तिमा हानि पुऱ्याएकोलगायत विभिन्न मुद्दामा छ अर्बभन्दा बढी बिगो मागदाबीसमेत गरेको छ ।

आयोगले भ्रष्टाचारको उजुरी धेरै परेका १० संघीय मन्त्रालयको नाम सार्वजनिक गरेको छ । सबैभन्दा बढी भ्रष्टाचारको उजुरी परेको मन्त्रालय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण रहेको छ । गत आर्थिक वर्षमा मन्त्रालयसँग सम्बन्धित एक हजार ५७१ वटा उजुरी परेको थियो । यस मन्त्रालयअन्तर्गत मालपोत, नापी, भूमि आयोगलगायत निकाय छन् ।

क्रमशः पृष्ठ ३ मा



**अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई बुझाउँदै प्रमुख आयुक्त प्रेमकुमार राई ।** *तस्बिरः रासस*

### पहिलो भ्रष्ट महानगर पोखरा, दोस्रो काठमाडौं !

देशको छ वटा महानगरपालिकामध्ये भ्रष्टाचारको सर्वाधिक उजुरी पोखरा महानगरपालिकाविरुद्ध परेको छ । पोखरापछि बढी भ्रष्टाचारको उजुरी परेको काठमाडौं महानगरपालिकाविरुद्ध छ । आयोगको प्रतिवेदनमा पोखरा महानगरपालिकाविरुद्ध ३८५ वटा भ्रष्टाचारका उजुरी परेको उल्लेख छ । अघिल्लो आर्थिक वर्षको २८ वटा गर्दा भ्रष्टाचारको उजुरी संख्या ४१३ वटा पुगेको छ । पोखरामा माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीबाट निर्वाचित धनराज आचार्य प्रमुख छन् । उनी सुशासनको नारा लगाउँदै महानगर प्रमुख निर्वाचित भएका थिए । तर, उनी नेतृत्वको महानगर...

क्रमशः पृष्ठ ३ मा

**पृष्ठ १ बाट क्रमशः**

## प्राधिकरणबाट...

उनै घिसिङको सिफारिसमा सुशीला कार्की नेतृत्वको सरकारले शाक्यलाई पदबाट हटाएको हो । आफूलाई पदबाट हटाएसँगै शाक्य सर्वोच्च अदालत जाने तयारीमा छन् । यद्यपि, अदालत भने दसैंतिहारसम्मै बन्द हुने बताइएको छ । शाक्यलाई हटाइएपछि ऊर्जामन्त्री घिसिङ पूर्वमन्त्री दीपक खड्काकै पथमा लागेको भन्दै आलोचना सुरु भएको छ ।

### उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन

सरकारले भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहको क्रममा भएको दमन, तोडफोड र आगजानीबारे अध्ययन गर्न उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरेको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा समिति गठन भएको गृहमन्त्री अर्यालले बताए ।

बैठकपछि मन्त्रिपरिषद्का निर्णय सुनाउँदै उनले आयोगको सदस्यमा नेपाल प्रहरीका पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी रहेको बताए । आयोगको कार्यावधि तीन महिना रहेको उनले बताए । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को प्रमुखमा एआइजी डा. मनोजकुमार केसीलाई जिम्मेवारी दिइएको पनि उनले बताए ।

यसैगरी सरकारले प्रदर्शनकारीले गरेको तोडफोड र आगजनीबाट भएको क्षतिको मूल्यांकन गर्न राष्ट्रिय योजना आयोगलाई जिम्मेवारी दिएको छ । 'राष्ट्रिय योजना आयोगको नेतृत्वमा राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सम्बन्धित मन्त्रालय, जेन-जीका विषयविज्ञ प्रतिनिधिसमेत राखेर ४५ दिनभित्र क्षतिको मूल्यांकन नेपाल सरकारलाई बुझाउने,' अर्थमन्त्री रामेश्वर खनालले भने ।

### तीन करोडभन्दा कमका टुक्रे योजना रोक्का

सरकारले तीन करोडभन्दा कम रकमका टुक्रे आयोजनाहरूमा विनियोजन गरिएको रकम तत्कालका लागि रोक्का राख्ने निर्णय गरेको छ । ओली नेतृत्वको सरकारले ल्याएको बजेटमा परेका यस्ता योजनाहरूलाई रोक्का गर्ने निर्णय गरेको अर्थमन्त्री रामेश्वर खनालले जनमनरी दिए ।

राजनीतिक दबाबमा राखिएका आयोजनाहरूका लागि छुटयाइएको रकम पनि रोक्का गरिएको छ । 'खर्च कटौती गर्न तीन करोड रूपैयाँभन्दा कमका टुक्रे आयोजना र तीन करोड रूपैयाँभन्दा माथिका आयोजना बैंकमा प्रविष्ट नगरेका वा पछि प्रविष्ट गराएका र राजनीतिक दबाबमा प्रविष्टी गराएका आयोजनाहरू अर्थ मन्त्रालयको सूचना प्रणालीमा अभिलेख भएकासमेत १२० अर्ब रूपैयाँ चालु खर्चसमेत बच्न सकिने देखिएकोले त्यो रोक्का राखेको छ,' मन्त्री खनालले भने ।

यो रकम निर्माण व्यवसायीको बाँकी भुक्तानी गर्न र राष्ट्रिय महत्त्वका आयोजनामा खर्च गर्न सकिने उनले बताए । यसले निर्माण व्यवसायीको सम्मान हुने, अनावश्यक आयोजना कटौती हुने र बचेको रकम राष्ट्रिय महत्त्वका प्राथमिकताका ठूला आयोजनामा द्रुत गतिले काम अगाडि बढाउन खर्च गरिने निर्णय भएको अर्थमन्त्री खनालले स्पष्ट पारे ।

त्यसैगरी, मन्त्रिपरिषद्ले देशमा कुनै पनि प्राकृतिक वा अन्य विपद्बाट क्षतिग्रस्त भौतिक पूर्वाधारको पुनर्निर्माण गर्नका निम्ति 'पुनर्निर्माण कोष' खडा गर्ने निर्णय गरेको छ । यो कोषमा नेपालभित्र र नेपालबाहिर रहेका नेपालीहरूले इच्छाअनुसार योगदान गर्न सक्ने छन् । साथै, बैंक तथा वित्तीय संस्थाहरू र औद्योगिक सिएसआर (संस्थागत सामाजिक उत्तरदायित्व)को रकम पनि यस कोषमा राख्न पाइने छ । सिएसआरको रकम राख्दा कर सिटमा कटौती गर्न पाउने प्रबन्धसहितको यो कोष हुने जानकारी दिइएको छ । यस कोषको सञ्चालन र व्यवस्थापनका लागि 'भौतिक पूर्वाधार पुनर्निर्माण समिति' गठन गर्ने निर्णयसमेत भएको अर्थमन्त्री खनालले बताए ।

### कर तिर्ने म्याद थपियो, व्यवसायीलाई राहत

सरकारले जेन-जी आन्दोलनका कारण क्षति पुगेको उद्यम व्यवसायलाई पुनरुत्थानका लागि 'रिकभरी' योजना घोषणा गरेको छ । सरकारले आगजनी र तोडफोडमा परेका व्यापार व्यवसाय पुनः सक्रिय गराउन कर्जाको पुनर्संरचना, सस्तो ब्याजदरमा कर्जा तथा बिमा दाबीको ५० प्रतिशत अग्रिम भुक्तानीदेखि कर तिर्ने समय थपिदिनेसम्मका व्यवस्था ल्याएको हो ।

'जेन-जी आन्दोलनको क्रममा सिर्जना भएका असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सञ्चालन गर्न नेपाल सरकारले नेपाल राष्ट्र बैंक र बिमा कम्पनीहरूमार्फत राहत कार्यक्रम सुरु गर्ने,' अर्थमन्त्री खनालले भने ।

जेन-जी आन्दोलनका कारण आगजनी र तोडफोड भएका वस्तुहरू पुनः आयात गर्नुपर्दा निश्चित प्रतिशत भन्सार छुट दिने व्यवस्थासहितको पुनरुत्थान योजना पनि सरकारले ल्याएको छ । त्यस्तै, मौज्दातमा रहेको सामान क्षति भएकोमा त्यसको बिमा भएको रहेनछ भने त्यस्तो मौज्दातलाई कट्टी गरी कर प्रयोजनका लागि खर्च लेख्न पाउने व्यवस्था पनि गरिएको छ ।

ध्वस्त भएको संरचना पुनर्निर्माण गर्न आवश्यक वस्तु आयातमा ५० प्रतिशत भन्सार छुट दिने निर्णय मन्त्रिपरिषद्बाट भएको मन्त्री खनालले बताए । अर्थ मन्त्रालयले यसअघि नै मूल्य अभिवृद्धि कर, अग्रिम करकट्टी, शिक्षा सेवा शुल्क र विलासिता शुल्कको विवरण र कर रकम तिर्ने समय २५ असोजसम्म लम्ब्याइसकेको छ । २५ भदौमा पेस गर्नुपर्ने कर विवरण र तिर्नुपर्ने करको समय एक महिना बढाइएको छ ।

■■■

## थपिँदै पाँच...

कांग्रेस नेता प्रदीप पौडेल स्वास्थ्यमन्त्री हुँदा उनी मन्त्रालयको सचिवका आकांक्षी थिइन् । आफू मधेसी मुलकी भएकै कारण सचिव पद नदिएको भन्दै उनी असन्तुष्ट बन्दै अवकाशअघि नै बिदामा बसेकी थिइन् ।

यसैगरी शिक्षामन्त्री बन्न लागेका पुन राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष हुन् । उनी म्याग्दीको दुर्गम क्षेत्रमा पहिलोपटक ताररहित इन्टरनेट सञ्चालन गरेर चर्चामा आएका थिए । त्यसपछि पुनले म्यागासेसे पुरस्कारसमेत पाएका थिए । पछिल्लो समय उनी आफ्नो पुस्तक बेच्न देशका विभिन्न स्थानमा आफैं खटिएर चर्चामा थिए । उनले पुस्तक बेचेर करोडौं रकमसमेत संकलन गरेका छन् । उक्त रकम वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनमा खर्च गर्ने उनको तयारी छ ।

कृषिमन्त्री बन्न लागेका डा. परियार समता फाउन्डेसनका अध्यक्ष हुन् । वरिष्ठ जलवायु तथा कृषिविज्ञ डा. परियारले यसअघि संविधानसभाको राज्य पुनर्संरचना उच्चस्तरीय आयोगको संयोजक रहेर काम गरेका थिए । कानुनमन्त्री बन्न लागेका सिन्हा सर्वोच्च अदालतमा पूर्वन्यायाधीश हुन् । १७ साउन २०७३ मा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएका उनी ६५ वर्ष उमेर हदका कारण १४ कात्तिक २०८० मा निवृत्त भएका थिए ।

भदौ २७ गते प्रधानमन्त्री बनेकी कार्कीले यसअघि रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई मन्त्री नियुक्त गरेकी थिइन् । मन्त्रिपरिषद् विस्तारसँगै अब कार्की मन्त्रिपरिषद् नौ सदस्यीय हुने भएको छ ।

■■■

## न्यायिक आयोग...

उनले आन्दोलनमा घुसपैठ गर्ने शक्तिले हिंसा मच्चाएको र युवाहरूको ज्यान गएको बताएका छन् । तर, हिंसा मच्चाएको शक्तिबारे खुलाएनन् । धेरैले उनको यो आरोप दोषमुक्त हुने प्रयासको रूपमा अर्थ्याएका छन् ।

प्रधानमन्त्री कार्कीलाई भने आन्खदोलनलाई दमन गर्ने पूर्वराजनीतिक नेतृत्व, प्रशासनिक र सुरक्षा अधिकारीहरूमाथि छानबिन गरेर कारबाही गर्नुपर्ने दबाब छ । सोहीअनुसार कार्की सरकारले न्यायिक जाँचबुझ आयोग गठन गरेको हो ।

आयोगले दमनको घटनाबारे छानबिन गर्दा तानिने पूर्वराजनीतिक नेतृत्वका रूपमा तत्कालीन प्रधानमन्त्री ओली र उनको सरकारका गृहमन्त्री लेखक हुन् । प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङदेखि आन्दोलनलाई दबाउन फिल्डमा खटिएका प्रहरीहरू पनि छानबिनको घेरामा छन् । गृहसचिव, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलगायत पनि अनुसन्धानको दायरामा तानिन्छन् ।

तत्कालीन प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसका नेताहरूले नै २३ भदौमा भएको जेन-जी आन्दोलनमा काठमाडौंमा १७ जना र इटहरीमा दुई जना गरी १९ जनाको ज्यान गएको घटनालाई 'बर्बर सरकारी दमन' भनेका थिए । त्यस दिन ३४७ जना घाइते भएका थिए । घटनापछि गृहमन्त्री रमेश लेखकले राजीनामा दिए । २३ भदौको राति र २४ गतेसम्ममा मृतक संख्या ३० नाघेको थियो । आइतबारसम्म ७२ जनाको मृत्यु भइसकेको छ । सामान्यसमेत गर्दा देशभरमा चार हजारभन्दा बढी घाइते भएको प्रहरीले जानकारी दिएको छ । यति धेरै संख्यामा मृतक र घाइते भएपछि आन्दोलनमा सरकारी दमन भएको भनिँदै आएको छ ।

आन्दोलनकारी जेन-जी पुस्ता भने भ्रष्टाचार अन्त्य र सामाजिक सञ्जाल सञ्चालनमा ओली सरकारले लगाएको प्रतिबन्ध फुकुवाको माग राख्दै सडकमा आएका थिए । त्यसबेला उनीहरूको टाउको र छातीमा ताकीताकी गोली प्रहार भएको थियो ।

पूर्वएआइजी बसन्तकुमार लामाका अनुसार बल प्रयोग गर्दा रबरको गोली घुँडामुनी प्रहार गर्नुपर्ने हुन्छ । त्यसविपरीत टाउको र छातीमा गोली प्रहार हुँदा ठूलो संख्यामा आन्दोलनकारीको ज्यान गयो । सोही घटनाको छानबिन गर्न कार्की सरकार उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गर्ने निर्णयमा पुगेको हो । तर, आयोगले जाँचबुझ गरेर बुझाएको प्रतिवेदन कतै विगतजस्तो कार्यान्वयन नहुने त होइन ? प्रश्न उब्जिएको छ ।

२०६२/६३ मा भएको १९ दिने दोस्रो जनआन्दोलनमा २६ जनाको मृत्यु र चार हजारभन्दा बढी घाइते भएको घटनाको छानबिन गरेका सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीले प्रभावसँग भने, 'मलाई शंका छ कि छानबिन आयोग गठन गर्ने, आयोगले प्रतिवेदन बुझाउने अनि सरकारले सात महिनासम्म लगाएर छानबिन गरेको थियो । छानबिन प्रतिवेदन ३० कात्तिक २०६३ मा तत्कालीन सरकारलाई बुझाएको थियो । रायमाझीका अनुसार छानबिन गर्दा मन्त्रिपरिषद् अध्यक्षदेखि सहायकमन्त्रीसम्मका गरी ३१ जना राजनीतिक नेतृत्व दोषी ठहरिएका थिए । तत्कालीन शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान प्रमुखसँगै मुख्यसचिव पनि दोषी ठहर भएका थिए । उनीहरूलाई कारबाही गर्न कानुन बनाउन प्रतिवेदनमा सुझाव थियो । तर, दुई दशकसम्म प्रतिवेदन कार्यान्वयन भएन ।

त्यसअघि २०४६ सालको पहिलो जनआन्दोलनमा भएको सरकारी दमनको छानबिन गर्न पनि उच्चस्तरीय छानबिन आयोग गठन भएको थियो । तत्कालीन पूर्वाञ्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश जनार्दन मल्लिक आयोगका अध्यक्ष थिए । जनआन्दोलनका बेला ४५ जनाको मृत्यु भएको थियो । ५०० भन्दा बढी घाइते थिए । मल्लिक आयोगले २०४७ सालको मंसिर मसान्तमा तत्कालीन अन्तरिम सरकारलाई दमनको छानबिन गरेर प्रतिवेदन बुझायो । त्यो प्रतिवेदन कार्यान्वयन त के सरकारले सार्वजनिकसमेत गरेन ।

प्रतिवेदनले दुई प्रकारका दोषी किटान गरेको थियो । ती हुन्- प्रहरी प्रशासक र नीति निर्देशनमा काम गर्नेहरू । तर, प्रतिवेदन कार्यान्वयन नहुँदा आन्दोलनलाई दमन गर्नेहरू त्यसै जोगिए । अहिले पनि त्यस्तै त हुने होइन ? भन्ने आशंका बढेको छ ।

■■■

गत वर्ष कृषि तथा पशुपालनको क्षेत्रमा २६८ जना दुर्घटनामा परेका थिए । सबैभन्दा कम लजिस्टिक्स, गोदाम र तथा आइसिटी क्षेत्रमा कार्यरत १३० जनामात्र दुर्घटनामा परेका थिए ।

विगत पाँच वर्षमा कृषि तथा माछापालन उद्योगहरूमा विदेशी पीडितहरूको दुर्घटना दर उल्लेख्य देखिएको छ । यी क्षेत्रमा सन् २०२० मा १४९ जना दुर्घटनामा परेका थिए भने २०२४ मा उक्त संख्या बढेर २९३ पुगेको थियो । यो ९६ प्रतिशतले वृद्धि हो । यस अवधिमा समग्र समूहको तथ्यांक भने १६ प्रतिशतले बढेको बताइएको छ ।

औद्योगिक दुर्घटना रोक्न सरकारको अभियान र कडा नियमहरू लागू गरेको छ । यद्यपि, विदेशी कामदारका लागि सुरक्षाको विषय प्रभावकारी कार्यान्वयन हुन नसकेको जनाइएको छ । शनिबार दक्षिण चुङचियोङ प्रान्तको बुयो काउन्टीमा एक विदेशी कामदारको मृत्यु भएको थियो । भत्किएको संरचनाले किचेर उनको मृत्यु भएको थियो । त्यस्तै, गत सेप्टेम्बर १६ मा, इञ्चोनमा अर्को कामदारको धातु कारखानामा मेसिनरीमा फसेर मृत्यु भएको थियो ।

गत हप्तामात्रै कोरिया सरकारले एक व्यापक श्रम सुरक्षा योजना सार्वजनिक गरेको थियो । जसअन्तर्गत विदेशी कामदार घातक दुर्घटनामा परे सम्बन्धित कम्पनीलाई तीन वर्षका लागि आप्रवासी श्रमिकलाई काममा राख्नबाट प्रतिबन्ध लगाइने भनिएको छ । तर यी उपायहरू पनि अपर्याप्त रहेको आलोचकहरूको तर्क छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०४/०३ मा दर्ता भएको **प्रा. लि. नं. २६४६४० को नेपाल न्यूज लिंक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**ललितपुर महानगरपालिका**
**१४ वडा कार्यालय, तिखेदेवल, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

**संधियार चार किल्ला बुझ्ने सम्बन्धी ३५ दिने सूचना !**

प्रकाशित मितिः २०८२।०६।०६

श्री संगिता श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (म) कि.नं. ३५४, २९५ र ३१८ को जम्मा क्षेत्रफल ०-३-२-० को जग्गामा नयाँ पर्खाल निर्माण गर्नका लागी नक्शा पास गरी पाँऊ भनी दर्ता नं. १५०५/२०८२/०८३ मिति २०८२/०५/३० गतेका दिन यस वडा कार्यालयमा निवेदन दिनु भएको मिति २०८२/०५/३१ गते यस वडा कार्यालयबाट सूचना जारी गरी पटक-पटक संधियारको नाममा जारी १५ दिने सूचना बुझाउन जाँदा पुर्व संधियार रौतहट जिल्ला, मदनपुर गाउँपालिका, वडा नं. ०१ बस्ने श्री विजया रायको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (म) कि.नं. ३५६ का र दक्षिणका संधियार कि.नं. २९२ का जेनी मण्डल फेला नपरेको उहाँहरु फिल्डमा अनुपस्थित हनु भएकोले नक्शा पास कार्य रोकिएको हुनाले यदि कोही कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस १४ वडा कार्यालयमा उपस्थित भई आफ्नो चार किल्ला सूचना पत्र बुझि दिनु हुन अनुरोध गरिन्छ । यदि तोकिएको अवधिमा यस वडा कार्यालयमा उपस्थित भई चार किल्लाको सूचना म्याद बुझि लिन नआएमा प्रचलित कानून बमोजिम नक्शापास प्रक्रिया अघि बढ्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तनको गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/०६**

**यस कम्पनीको मिति २०८२/०५/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी नारंग हस्पिटालिटी प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल, अचल, सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी नारंग भेन्चर्स प्रा.लि. (द.नं. २१५७१६) कायम गरिएको ब्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/१४ मा दर्ता भएको **प्रा. लि. नं. २७३८२६** को **के. आर. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०८१/१०/२३ मा दर्ता भएको **प्रा.लि. नं. ३६०५३९** को **मिस्त्री माण्डु प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Model Enterprises Pvt. Ltd.** (ई.प.नं. ३४२/०५९/६०) मा कार्यरत **अनिल पौडेल (ना.प्र.प्र.नं: ४६१०३७/३९७)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**MODEL ENTERPRISES PVT. LTD.**
Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014522984
श्रम इजाजत नं. ३४२/०५९/०६०

---


**मलेसियामा रोजगार** कम्पनी : **ZINS SECURITY SERVICES SDN. BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331330 चलानी नं. ६०२४५१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SIERRA ALFA SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 326357 चलानी नं. ६०२४०२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1700 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

---

**युएइमा रोजगार** कम्पनी : **NITCO SCAFFOLDING LLC**

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ LT. No. 331308 चलानी नं. ६०२४५०८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 15 | 0 | 1500 | ५७,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/ nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

---

**युएइमा रोजगार** कम्पनी : **LARSEN & TOUBRO LIMITED ECC CONSTRUCTION GROUP ABU DHABI**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331304 चलानी नं. ६०२४५०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 30 | 0 | 1300 | ४९,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Mason | 25 | 0 | 1300 | ४९,८८५ | | | | | | | |
| 3 | Asst. Steel Fixer | 25 | 0 | 1300 | ४९,८८५ | | | | | | | |
| 4 | Cleaner General | 5 | 0 | 1000 | ३८,३७५ | | | | | | | |
| 5 | Helper | 30 | 0 | 1000 | ३८,३७५ | | | | | | | |
| 6 | Office Boy | 2 | 0 | 1000 | ३८,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277, E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०


थन्क्याउने ।'

## कोरियामा पाँच...


**मलेसियामा रोजगार** कम्पनी : **ECONSAVE CASH & CARRY (BW) SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331343 चलानी नं. ६०२४५११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler/Food Processing Worker | 23 | 0 | 1700 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ECONSAVE CASH & CARRY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331342 चलानी नं. ६०२४५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler/Food Processing Worker | 14 | 0 | 1700 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ECONSAVE CASH & CARRY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331341 चलानी नं. ६०२४५११७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler/Food Processing Worker | 25 | 0 | 1700 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ECONSAVE CASH & CARRY (KK) SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331340 चलानी नं. ६०२४५११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler/Food Processing Worker | 20 | 0 | 1700 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ECONSAVE CASH & CARRY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331339 चलानी नं. ६०२४५१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler/Food Processing Worker | 20 | 0 | 1700 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ECONSAVE CASH & CARRY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331338 चलानी नं. ६०२४५११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler/Food Processing Worker | 14 | 0 | 1700 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९


---

**Khumbu Pasanglhamu Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chaurikharka, Solukhumbu, Koshi Province**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०६/०६ **(22nd Sep ,2025)**

यस कार्यालयबाट मिति २०८२/०४/१६ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Bid Price (Including VAT ), NRs | Remarks |
|---|---|---|---|---|
| 01/NCB/WORKS/ROAD/ KPLRM/2082-83 | Surke-Nasagara-Muse Chaurikharka(Gaupalika) Road Construction | Brothers/ Raman-JV | 85931681.65 | |

# संकटको बेला न्यायालय बचाउनुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** संकटमा परेको अवस्थामा न्यायालयलाई अझ बलियो बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । संवैधानिक तथा न्यायिक पत्रकार मञ्चले आइतबार आयोजना गरेको 'न्यायपालिका: अस्तित्व रक्षाको सवाल' विषयक अन्तरक्रियामा गत भदौ २४ गतेको घटनाक्रमसँगै बदलिँदो परिस्थितिले निम्त्याएको चुनौतीलाई सामना गर्दै न्यायपालिकाई बलियो बनाउन सबै लाग्नुपर्नेमा जोड दिइएको हो ।

विसं २०१३ मा प्रधान न्यायालयको स्थापना भएसँगै सर्वोच्च अदालत र आधुनिक न्याय व्यवस्थापन सुरुआत भएको थियो । विसं २०१९ मा तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद प्रधानले सर्वोच्च अदालतको भवनको उद्घाटन गरेर सञ्चालनमा आएको थियो । प्रदर्शनका क्रममा भएको आगजनीले उक्त भवनका साथै २६ हजारभन्दा बढी मुद्दाका मिसिल र महत्त्वपूर्ण ऐतिहासिक कागजातसमेत जलेका छन् ।

आगजनीको शिकार सर्वोच्च अदालतसहित उच्च, जिल्ला अदालत गरी २३ वटा अदालतका भवन भएका छन् । साथै महान्यायाधिवक्ता कार्यालयसहित देशभरका २५ वटा सरकारी वकिल कार्यालयमा पनि क्षति पुगेको जनाइएको छ ।

## फाइल सुरक्षित रहेको दाबी

महान्यायाधिवक्ता सविता भण्डारी बरालले महान्यायाधिवक्ता कार्यालयमा रहेका फाइलहरू सुरक्षित रहेको बताएका छन् । 'महान्यायाधिवक्ता कार्यालयमा रहेका मुद्दाका मिसिलहरू सुरक्षित छन्, सर्वोच्च अदालतलाई आवश्यक फाइलहरू सहयोग गर्न सक्छौं,' उनले भने, 'न्यायपालिकाको गरिमा र रक्षाका लागि सरकारको कानुनी सल्लाहकारको हैसियतले पूर्णप्रतिबद्धता व्यक्त गर्दछु ।'

उनले न्याय सम्पादन प्रक्रियामा अनावश्यक हस्तक्षेप गर्न नहुने र आजको बदलिँदो परिस्थितिमा न्यायपालिकामाथि देखापरेका प्रश्नहरूलाई समाधान गर्न संविधानको मर्म, कानुनी प्रक्रिया र लोकतान्त्रिक मूल्यमा आधारित भएर अघि बढ्नुपर्नेमा जोड दिए ।




'न्यायपालिकालाई लयमा ल्याउन केही समय लाग्ला, यो घटनाले पनि अब हामी डिजिटलाइजेसनमा जानुपर्ने जरुरी देखिन्छ,' उनले भने । संविधानले सुनिश्चित गरेको स्वतन्त्र न्यायालय लोकतन्त्रको मेरुदण्ड भएको र न्यायपालिको अस्तित्व र यसको गरिमामाथि प्रश्न उठ्नु भनेको समग्र लोकतान्त्रिक शासन प्रणालीका लागि चुनौती भएको उनको भनाइ थियो । उनले भने, 'न्यायपालिकाको स्वतन्त्रता मात्र होइन, विश्वसनीयता, पारदर्शिता र उत्तरदायित्व पनि आजको आवश्यकता हो ।'

महान्यायाधिवक्ताले जेलहरू तोडेर अपराधीको समूहले अदालत र सरकारी वकिलको कार्यालय तोडफोड गरेको दाबी गर्दै प्रदर्शनका क्रममा २५ वटा सरकारी वकिल कार्यालय जलेको बताए ।

## न्यायपालिकामा अकल्पनीय क्षति

सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले गत भदौ २४ गते न्यायालयमा भएको आगजनीका कारण अदालतमा अकल्पनीय क्षति भएको भए पनि न्यायको दीप मर्न नदिने प्रतिबद्धता जनाए । 'न्यायपालिकामा अकल्पनीय क्षति भयो तर अपूरणीय होइन,' उनले भने, 'जस्तो परिस्थिति भए पनि न्यायको दीप मर्न दिँदैनौं ।' उनले सर्वोच्चसहित उच्च, जिल्ला अदालत गरी २३ वटा अदालतमा धेरै हदसम्म क्षति पुगेको तथा क्षति र मिसिलको आकलन दाँज्न सक्ने अवस्था नभएको बताए ।

मुख्य रजिस्ट्रार पौडेलले अहिलेको चुनौतीलाई अवसरमा बदलेर जानुपर्ने उल्लेख गर्दै २००९ सालदेखिका २०६२ सम्मका अभिलेख मिसिलहरू ध्वस्त भएको जानकारी दिए । 'सर्वोच्च अदालतका स्थापनाका अभिलेख खोजेर अब भौतिक रूपमा भेटिँदैन, क्षतिको विश्लेषण गर्दा कारागारमा क्षति भए त्यो ठाउँमा अदालतमा क्षति भए,' उनले भने, 'यो भनेको अदालतप्रतिको प्रतिशोध कैदीबन्दीले साँधे, तर न्यायको दीप निभेको छैन ।'

उनले अदालतको सेवा गत भदौ २९ गतेबाट नियमित सुरु गरेको र न्यूनतम सेवाका रूपमा बन्दीप्रत्यक्षीकरण सेवालाई सञ्चालन गरेको जानकारी दिँदै मिसिल प्राप्त गर्न काम चुनौती भएको बताए ।

पृष्ठ १ बाट क्रमश:

## अख्तियारमा...

बढी भ्रष्टाचारको उजुरी परेको मन्त्रालयमा गृह पनि परेको छ । गत वर्ष यस मन्त्रालय मातहतका निकायहरूसँग सम्बन्धित एक हजार २०८ वटा भ्रष्टाचारका उजुरी परेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित एक हजार ६१ वटा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित ६०३ वटा, अर्थ मन्त्रालयसँग सम्बन्धित ५७९ वटा, ऊर्जा मन्त्रालयसँग सम्बन्धित ४६३ वटा, संस्कृति मन्त्रालयसँग सम्बन्धित ३६ वटा भ्रष्टाचारका उजुरी परेका छन् । सञ्चार, भौतिक पूर्वाधार र उद्योग मन्त्रालयसँग सम्बन्धित भ्रष्टाचारबारेको उजुरी संख्या क्रमश: २९९, २९२ वटा र २७७ वटा छन् ।

अन्य मन्त्रालयकोसमेत गरी गत वर्ष नौ हजार ४६७ वटा भ्रष्टाचारसँग सम्बन्धित उजुरी परेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । अघिल्लो आर्थिक वर्षबाट सरेर आएका तीन हजार आठवटा उजुरी गत वर्षकोसँग जोड्दा उजुरी संख्या संघीय सरकारकोमात्रै १२ हजार ४७५ वटा रहेका छन् ।

### छ अर्ब बिगो मागदाबी

अख्यितारले गत आर्थिक वर्ष २०८१/०८२ मा सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुऱ्याएको अभियोगमा चार अर्ब ६४ करोड ४१ लाख ७३ हजार रूपैयाँ बिगो मागदाबी गरेको छ । विशेष अदालतमा २४ वटा दायर गर्दै उक्त रकम मागदाबी गरेको हो । यी मुद्दाहरूमा १४ वटा संस्था र २८७ जना व्यक्ति गरी ३०१ जना प्रतिवादी छन् ।

गैरकानुनी लाभ हानि गरेको अभियोगमा ८२ करोड ५५ लाख ५७ हजार रूपैयाँ मागदाबी गरेको छ । २३ वटा संस्था र व्यक्ति गरी २६५ जना व्यक्तिविरुद्ध ३५ वटा मुद्दा दायर गर्दै अख्तियारले उक्त मागदाबी गरेको हो ।

गैरकानुनी सम्पत्ति आर्जनमा अख्तियारले ३४ करोड ९६ लाख ९१ हजार, सम्पत्ति शुद्धीकरणमा १४ करोड ९७ लाख ७३ हजार र घुसबापत चार करोड ९२ लाख ७६ हजार बिगो माग दाबी गरेको छ । आयोगले विशेष अदालतमा मागदाबी गरेको कूल बिगो छ अर्ब एक करोड ८४ लाख ७२ हजार रूपैयाँ रहेको छ ।

■■■

## पहिलो भ्रष्ट...

सर्वाधिक भ्रष्ट महानगरको रूपमा दर्ज हुने अख्तियारको प्रतिवेदनले देखाएको छ ।

यता स्वतन्त्रबाट चुनाव जितेका बालेन्द्र साह (बालेन) नेतृत्वको काठमाडौं महानगरपालिकाविरुद्ध गत आर्थिक वर्ष २०८१/८२ मा ३२५ वटा उजुरी परेको आयोगको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ को ५६ वटा उजुरी सरेर आउँदा भ्रष्टाचारका उजुरी ३८१ वटा भएका छन् । बालेन ती महानगर प्रमुख हुन्, जो भ्रष्टाचारविरुद्ध भदौको चौथो साता जेन-जी पुस्ताले गरेको आन्दोलनलाई पृष्ठभूमिमा बसेर सहयोग गरेका थिए । उनी आफूलाई भ्रष्टाचारविरोधी महानगर प्रमुखको रूपमा चिनाउन चाहन्छन् तर महानगरमध्ये दोस्रो बढी भ्रष्टाचारको उजुरी उनी नेतृत्वको काठमाडौंमा परेको देखिएको हो ।

गाउँपालिकाहरूमध्ये भ्रष्टाचारको सर्वाधिक उजुरी परेको पर्साको छिपहरमाई गाउँपालिकाविरुद्ध हो । अख्तियारको प्रतिवेदनअनुसार उक्त गाउँपालिकाविरुद्ध गत आर्थिक वर्षमा २६० वटा भ्रष्टाचारका उजुरी परेका छन् । भ्रष्टाचारमा यो गाउँपालिकालाई दैलेखको नारायण गाउँपालिकाले पछ्याइरहेको छ । यो गाउँपालिकाविरुद्ध गत आर्थिक वर्षमा १९१ वटा भ्रष्टाचारका उजुरी परेका छन् ।

नगरपालिकामध्ये सर्वाधिक महोत्तरीको जलेश्वर नगरपालिकाविरुद्ध १६१ वटा भ्रष्टाचारका उजुरी परेका छन् । बाराको पचरौता र रौतहटको कटहरिया नगरपालिकामा समान १४७ वटा भ्रष्टाचारका उजुरी परेका छन् । उपमहानगरपालिकाध्ये सबैभन्दा बढी धनुषाको जनकपुर उपमहानगरपालिकाविरुद्ध १४५ वटा भ्रष्टाचारका उजुरी परेका अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । देशभरका स्थानीय तहमा गत वर्ष १५ हजार ५०० वटा भ्रष्टाचारका उजुरी अख्तियारमा दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षको चार हजार ८४३ जोड्दा उजुरी संख्या १९ हजार ९३३ पुगेको छ । स्थानीय तहको उजुरीमध्ये सबैभन्दा बढी संघीय मामिलासँग सम्बन्धित १४ हजार १५६ वटा छन् । त्यसपछि बढी स्थानीय तहको शिक्षासँग सम्बन्धित छन् ।


सुदूरपश्चिम प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
मत्स्य विकास केन्द्र
गेटा, कैलाली

**बोलपत्रको आशय पत्र सम्बन्धी सूचना**

प्रकाशित मिति २०८२/०६/०६

यस मत्स्य विकास केन्द्र, गेटा, कैलालीको आ.व. २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि मिति २०८२/०४/२६ गतेको प्रभाव दैनिक National Daily पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| ठेक्का नं. | कामको विवरण | फर्म/कम्पनी | कबोल रकम रू. (मु.अ. कर बाहेक) |
|---|---|---|---|
| FDC/NCB/2082/083/G1 | Procurement, Supply and Delivery of Readymade Fish Feed and Raw Materials for Broodstock Management and Fish Seed Production | Ato Z Poultry Goods Suppliers, Godawari-02, Kailali | रु ६०,२२,७५०.०० (अक्षेरुपी साठी लाख बाइस हजार सात सय पचास मात्र) |

मत्स्य विकास निर्देशक



**मलेसियामा रोजगार** कम्पनी : HEALTH LANE FAMILY PHARMACY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ LT. No. 331368 चलानी नं. ६०२४५०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 25 | 0 | 1700 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



**मलेसियामा रोजगार** कम्पनी : BS EASTERN FISHERY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 331333 चलानी नं.६०२४५०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fish Pond Farm Worker | 36 | 0 | 1700 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No. : 333/059/60



**जापानमा रोजगार** कम्पनी : ASIA PACIFIC JAPAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ LT. No. 331294 चलानी नं. ६०२४५०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Industrial packaging | 4 | 0 | 160800 | १५३,२३० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ४०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Contact : 9847102208, 9842772106
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



**कतारमा रोजगार** कम्पनी : Gaushala For Trading And Contracting And Hospitality And Services

पूर्व स्वीकृति मिति : २०८०/११/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०५ LT. No. 300552 चलानी नं. ६०२१५५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 1 | 1500 | ५८,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 1700 | ६५,८०६ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 1 | 1200 | ४६,४५१ | | | | | | | |
| 4 | Executive Sales | 1 | 0 | 2500 | ९६,७७३ | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९६,७७३ | | | | | | | |
| 6 | General Clean Worker | 3 | 0 | 1200 | ४६,४५१ | | | | | | | |
| 7 | General Supervisior | 1 | 1 | 2500 | ९६,७७३ | | | | | | | |
| 8 | Heavy Vechicle Driver | 2 | 0 | 2000 | ७७,४१९ | | | | | | | |
| 9 | Labour | 3 | 0 | 1200 | ४६,४५१ | | | | | | | |
| 10 | Manager Variety | 1 | 0 | 5700 | २,२०,६४४ | | | | | | | |
| 11 | Packing Worker | 1 | 0 | 1200 | ४६,४५१ | | | | | | | |
| 12 | Salesman | 0 | 1 | 1500 | ५८,०६४ | | | | | | | |
| 13 | Supervisior | 2 | 0 | 2500 | ९६,७७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com



**षडानन्द नागरपालिका**
नगर कार्यपलिकाको कार्यालय
दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल

**उद्योग तथा व्यवसायका लागि उपभोक्ताम हित संरक्षणमा जारी सूचना**

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिमाण, परिमाण शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



**स्कुटर हराएको सूचना**

मिति २०८२।०५।३१ गते का.जि.का.म.न.पा. ३१ आलोकनगर स्थित पार्किङ गरिराखेको सेतो रङ्को Yamaha RayZRSR 125 OBDII मोडल स्कुटर रातको अन्दाजी ९ देखि १० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : अपर्णा पंगेनी
स्कुटर नं.: बा.प्र.२-०५३- प १५४१
च्यासिस नं.: ME1SEK77R0088205
मोडल नं. : BKX700-070C
इन्जिन नं. : E33SE0738355
ठेगाना : का.म.न.पा-३१, आलोकनगर, काठमाडौं
सम्पर्क नं. ९८५११५३२५२/९८४४५४७७५७



**बिमालेख हराएको सूचना !**

मिति २०८२/०५/०२ गते गोकर्णेश्वरबाट चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

बिमित : कृष्टी तामाङ (Kristi Tamang)
पस्तावक : डिगीमाया तामाङ (Digimaya tamang)
ठेगाना : गोकर्णेश्वर न.पा. वडा नं. ३,
बिमालेख नं.: २५१८०५३८७
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.
सम्पर्क नं : ९८४१२१८२५५

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सडक सुरक्षामा सरकारको ध्यान पुगोस्

**दसैं सुरु भएसँगै सहरी बजार 'भाइब्रेन्ट' हुने छाँट देखिन्छ । किनमेलका लागि देशभरबाट काठमाडौं ओइरने क्रम पनि बढ्दो छ । किनमेल गर्न आउने र गाउँ जानेको लर्कोले प्रमुख राजमार्गहरूमा सवारीको चाप बढ्दो छ । यस्तै आउजाउका कारण राजमार्गहरू व्यस्त हुने समय हो यो । अर्को विषय पर्यटक भित्रने याम पनि हो यो । तर वर्षाका कारण सडक भने निरन्तर अवरुद्ध हुन थालेको छ । शनिबार बिहानैबाट मुग्लिन–नारायणगढ सडकखण्ड पहिरोले अवरुद्ध हुँदा यात्रीले सास्ती खेप्नुपर्‍यो । एक त निरन्तर वर्षा, अर्को पूर्वपश्चिम जाने सुरक्षित सडकको विकल्प नहुनु ।**

**पहिरो खस्दा पनि एकछिन नरोकी खोल्नुपर्ने बाध्यता छ । आइतबार केही बेर खुला गरेको तुइन खोलाको सडक पहिरो खस्न थालेपछि साँझ ८ बजेबाट पूर्णरूपमा बन्द भएको छ । मनसुन सक्रिय भएकाले पूर्व जाने बिपी राजमार्गमा रातिमा सवारी आवागमन बन्द गरिएको छ । अर्को सूचना नआएसम्म प्रत्येक दिन बेलुका ८:०० देखि बिहान ५:०० बजेसम्म बिपी राजमार्गमा सवारीसाधन आवागमनमा रोक लगाइएको हो । यसले पनि मुग्लिन–नारायणगढ सडकखण्डमा सवारी चाप बढाएको थियो ।**

**कोशी राजमार्गको सखुंवासभास्थित भोटखोला गाउँपालिका–४ बरुण र मकालु गाउँपालिका–३ एकुवामा अविरल वर्षापछि सडक पूर्णरूपमा बिग्रिएको छ । सिद्धिचरण लोकमार्गको उदयपुरको कटारी नगरपालिकारू–८ को सिरिरेमा सडक अवरुद्ध भयो । रसुवागढीमा नेपाल–चीन जोड्ने पुल बाढीले बगाए पनि अझै पुनर्निर्माण हुन सकेको छैन, जसले गर्दा अझैसम्म पूर्णरूपमा यो सडक अवरुद्ध छ । अरनिको राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–२ मा पर्ने कोदारी र सोही गाउँपालिकाको वडा नम्बर ४ स्थित डाक्लाङमा पहिरोका कारण सडक पूर्णअवरुद्ध रहेको छ ।**

**जाजरकोट–डोल्पा खण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । जाजरकोटको नलगाड नगरपालिका–११ भिरकुनास्थित जाजरकोट–डोल्पा खण्डमा माथिबाट ढुंगा, माटोसहितको सुक्खा पहिरो खसेपछि सडक पूर्णरूपमा अवरुद्ध भएको प्रहरीको भनाइ छ । त्यस्तै, म्याग्दी बेनी–दरवाङ खण्ड पनि पूर्णरूपमा अवरुद्ध भएको छ । निरन्तर वर्षाले माटो खुकुलो बनाएपछि पहिरो खस्ने र जमिन भासिने गर्छ । यस्तो विषयमा सडक विभागदेखि सम्बन्धित निकायले विशेष ध्यान पुर्‍याउनैपर्छ । यस्तै चापको बेला दुर्घटना हुने सम्भावना बढी रहन्छ । यसैका लागि सरकारले सुरक्षाका योजनाहरू अघि बढाउने र रातको समयमा सडक बन्द गर्नुपर्छ । पहिरोग्रस्त क्षेत्रमा सावधानीपूर्वक पहिरो पन्छाएरमात्र यातायात सञ्चालन गरेमा सम्भावित दुर्घटनाबाट जोगिन सकिन्छ ।**

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# दश वर्षमा खेलकुदका उपलब्धि



■ राजु सिलवाल

' मुलुकका लागि महत्त्वपूर्ण पदक जितिसकेका कयौं खेलाडीहरु पनि अहिले विभिन्न देशमा गई कार्यरत छन् । यसरी अनुभवी खेलाडीहरु मुलुकबाहिर जाने क्रम बढदै गएमा भोलिको दिनमा नेपाली खेलकुद क्षेत्रलाई पनि समस्या पर्ने अवस्था देखिएको छ । विश्वजगतमा राष्ट्रको छवि बढाउने खेलाडीहरूलाई उचित प्रोत्साहन गरी नेपालमा खेलेर पनि बाँच्न सक्ने अवस्थाको सिर्जना गर्नका लागि सरकार तथा सम्बन्धित निकायको सक्रियता अपेक्षित मानिएको छ । खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी सबैको लागि खेलकुद भन्ने अभियानलाई अघि बढाउनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपालको संविधान २०७२ मा खेलकुदलाई राष्ट्रिय एकताको माध्यम र अन्तर्राष्ट्रिय सम्मान अभिवृद्धिको आधार बनाउने व्यवस्था गरिएको छ । मुलुकमा गणतन्त्रको बहाली भएपछि जारी भएको संविधानको भाग ४ को दफा ५१ मा सामाजिक न्याय र समावशीकरणसम्बन्धी नीतिमा खेलसम्बन्धी व्यवस्था गरिएको हो ।

मुलुकमा स्वस्थ र अनुशासित नागरिक सृजना गर्नका लागि खेलकुद महत्त्वपूर्ण माध्यम मान्न सकिन्छ । राष्ट्रिय एकता प्रवर्द्धनका लागि खेलकुदले यथोचित् भूमिका खेल्ने गर्दछ । नेपालमा गणतान्त्रिक राजनीतिक व्यवस्था लागू भइसकेपछि नेपाली खेलकुद क्षेत्रलाई समयसापेक्ष अघि बढाउने प्रयास भएका छन् भने नेपाली खेलकुद क्षेत्रका सांगठनिक ढाँचामा पनि सापेक्ष सुधार गरिएका छन् ।

### सातै प्रदेशमा खेलकुद परिषद्

विगतमा केन्द्रमा रहेको राष्ट्रिय खेलकुद परिषद्लाई नेपालमा गणतन्त्र लागू भएपछि प्रदेशस्तरमासमेत व्यवस्था गरिएको छ । सातै प्रदेशमा रहेका प्रदेश खेलकुद परिषद्ले आफ्नो प्रदेशमा खेलकुद क्षेत्रको समग्र विकासका लागि कार्य गर्दै आइरहेका छन् । विगत १० वर्षमा विभिन्न प्रदेशमा स्थानीय, जिल्ला, प्रदेशका साथै राष्ट्रिय र कुनै प्रदेशमा त अन्तर्राष्ट्रियस्तरका प्रतियोगितासमेत आयोजना भएका छन् ।

यस्तै खेलकुद पूर्वाधार निर्माणका सन्दर्भमा पनि विभिन्न प्रदेशमा केही उल्लेखनीय कार्य भएका छन् । सातै प्रदेशमा युवा तथा खेलकुद मन्त्रालयको व्यवस्था भएको हुनाले प्रदेशमा खेलकुदका गतिविधिका लागि आवश्यक योजना तर्जुमा तथा बजेट विनियोजनका लागि सहज भएको छ । प्रत्येक प्रदेशअन्तर्गत जिल्लास्तरमा जिल्ला खेलकुद विकास समितिको व्यवस्था गरिएको छ । प्रदेशस्तरमा खेलकुद परिषद् विस्तार गरिएपछि खेलकुद गतिविधिमा विस्तार भएका भई स्थानीय प्रतिभाशाली खेलाडीको सहभागिता बढ्दै गएको छ ।

### भौतिक उपलब्धि

नेपालमा १० वर्षको अवधिमा खेलकुद क्षेत्रमा विभिन्न भौतिक पूर्वाधारको निर्माण भएका छन् । पछिल्लोपटक काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट रंगशालाको स्तरोन्नतिले मैदानस्तरीय हुनुका साथै दर्शकको सिट क्षमता बढ्ने तथा राति पनि फ्लडलाइटको प्रकाशमा क्रिकेट प्रतियोगिता हुनसक्ने भएको छ । मूलपानीमा बनेको क्रिकेट मैदानमा पनि अन्तर्राष्ट्रिय प्रतियोगितासमेत आयोजना भइसकेको छ । राजधानीबाहिर पोखरा, विराटनगरलगायत स्थानमा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजना भएका छन् । बहुप्रतिक्षित १०औं राष्ट्रिय खेलकुद आयोजनाका लागि कर्णाली प्रदेशका विभिन्न जिल्लामा रंगशाला तथा कभर्डहलको मर्मतसम्भार गरी तयारी अवस्थामा राखिएको छ ।

यसबाहेक अन्य विभिन्न स्थानमा फुटबल, क्रिकेटलगायतका खेलका लागि रंगशाला तथा कभर्डहल निर्माण तथा मर्मतसम्भारका लागि सरकारले लगानी गरेको छ । तर सरकारको वार्षिक बजेटमा खेलकुदको भौतिक क्षेत्रका लागि लगानी यथोचित् मात्रामा हुन सकेको छैन । नेपालका पुराना रंगशालालाई अन्तर ाष्ट्रिय मापदण्डअनुसारको बनाउन आवश्यक पहल हुनु जरुरी देखिएको छ । सातै प्रदेशमा प्रादेशिक रंगशालाको अवधारणा पनि आजको आवश्यकता महसुस गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत मुलुकका विभिन्न रहेका हजारौं रोपनी जमिनको संरक्षणका लागि पनि खेलकुदका निकायको सक्रियता अपेक्षित मानिएको छ ।

### २०० पदक

एउटै प्रतियोगितामा २०० भन्दा बढी पदक ! यो आश्चर्यजनक प्रसंग हो । नेपालले यो १० वर्षकै अवधिमा एकै प्रतियोगितामा प्रतिस्पर्धा गरेर कूल २०६ पदक जितेको थियो । सन् २०१९ मा काठमाडौं र पोखरामा आयोजित १३औं दक्षिण एसियाली खेलकुदमा नेपालले ५१ वटा स्वर्णपदक जितेर पदक तालिकामा दोस्रो बन्न सफल भएको थियो । नेपालले ६० रजत तथा ९७ वटा कास्यपदक पनि जितेको थियो । नेपालले एउटै प्रतियोगितामा यसरी यति धेरै संख्यामा पदक यसअघि जितेको थिएन ।

नेपालले हालसम्म दक्षिण एसियाली खेलकुद प्रतियोगिता तीनपटक आयोजना गरिसकेको छ । सन् १९८४ मा नेपालबाटै सुरु भएको उक्त खेलकुद सन् १९९९ मा दोस्रोपटक आयोजना गरिएको थियो । सन् २०१९ मा काठमाडौं तथा पोखरामा आयोजित १३औं दक्षिण एसियाली खेलकुद नेपालको तेस्रो आयोजना थियो ।

### ओलम्पिकको पहिलो पदक

नेपालको खेलकुद इतिहासमा सबैभन्दा महत्त्वपूर्ण पदक तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धनले जित्न सफल भएकी थिइन् । उनले पहिलोपटक पारा ओलम्पिकमा ऐतिहासिक कास्यपदक प्राप्त गरी सम्पूर्ण नेपालीलाई गौरवान्वित बनाएकी थिइन् । फ्रान्सको राजधानी पेरिसमा सन् २०२४ मा सम्पन्न पारा ओलम्पिकमा पलेशाले मुलुकका लागि उक्त महत्त्वपूर्ण पदक जितेकी थिइन् ।

सन् १९६४ देखि नेपालले ओलम्पिकमा सहभागिता जनाउँदै आएको भएता पनि हालसम्म कुनै पदक प्राप्त भएको थिएन । सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा भएको ओलम्पिकमा नेपालका तर्फबाट तेक्वान्दो खेलाडी विधान लामाले कास्यपदक जिते तापनि त्यतिखेर उक्त खेल प्रदर्शन खेलका रूपमा समावेश गरिएकाले नेपाल पदक तालिकामा अंकित हुनबाट बञ्चित हुन पुगेको थियो । तर नेपालको ओलम्पिकमा छ दशकको सहभागिता तथा पारा ओलम्पिकमा दुई दशकको यात्रापछि पेरिसमा पदक जितेर पलेशाले नेपालमा सरकारद्वारा व्यवस्था गरिएको ६५ लाख रूपैयाँको पुरस्कारसमेत पहिलोपटक प्राप्त गर्न सफल भएकी थिइन् । यसअघि चीनको होङझावमा सन् २०२२ भएको चौथो एसियाली पारा खेलकुदमा पनि पलेशाले कास्यपदक जितेकी थिइन् ।

### करातेको कमाल

नेपालकी कराते खेलाडी एरिका गुरुङले चीनको होङझावमा भएको १९औं एसियाली खेलकुदमा जितेको रजत पदक गणतान्त्रिक नेपालको उपलब्धि बन्न पुगेको थियो । उक्त पदक नेपालले एसियाली खेलकुदको करातेमा जितेको पहिलो रजत पदक थियो । यसअघि सन् १९९८ मा थाइल्याण्डको राजधानी बैंककमा नेपाली तेक्वान्दो खेलाडी सविता राजभण्डारीले एसियाली खेलकुदमा पहिलो रजत पदक जितेकी थिइन् । एरिकाले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि मुलुकका लागि विभिन्न पदक दिलाएर गौरवान्वित बनाउँदै आएकी छन् ।

कराते, तेक्वान्दो, उसुलगायतका मार्सल आर्टलगायत अन्य विभिन्न खेलमा प्राप्त भएका अन्तर्राष्ट्रिय पदक पनि उपलब्धिमूलक मानिएको छ । होङझाव एसियाली खेलकुदमा नेपाली महिला कबड्डी टिमले जितेको पहिलो कास्य पदक पनि ठूलै उपलब्धि मान्न सकिन्छ । नेपालले भारतको नयाँदिल्लीमा आयोजित खोखो खेलको विश्वकपको महिला तथा पुरुष दुवै इभेन्टस्मा उपविजेताको उपाधि उचालेर कीर्तिमान कायम गरेको थियो ।

### क्रिकेटको करामत

मुलुकमा गणतन्त्रको आगमनपछि नेपालले क्रिकेट खेलमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै आइरहेको छ । नेपाललाई छोटै समयमा विश्वस्तरमा चिनाउन नेपाली खेलाडीहरूले प्रशंसनीय योगदान गरेका छन् । १० वर्षको उपलब्धिको चर्चा गर्दा नेपालको पुरुष टिमले सन् २०१४ मा बंगलादेशमा आइसिसी विश्व टि ट्वान्टी क्रिकेटमा पहिलोपटक सहभागिता जनाएको थियो भने त्यसपछि नेपाली क्रिकेट खेलाडीहरूले अन्य विभिन्न महत्त्वपूर्ण प्रतियोगिताहरू खेलेर मुलुकको उपस्थिति बलियो बनाउँदै आएका छन् । नेपालले सन् २०१८ मा आइसिसी वल्डकप छनोटमा उत्कृष्ट प्रदर्शन गरेर ओडिआईको मान्यता पाएको थियो ।

नेपाली टिमले सन् २०२३ जिम्बाबेमा भएको आइसिसी विश्वकप क्वालिफायर्समा आफ्नो सशक्त उपस्थिति देखाएको थियो । एसियास्तरको उपलब्धि नियाल्दा नेपालले सन् २०२३ को एसिया कपमा पहिलोपटक छनोट भएर भारत र पाकिस्तानजस्ता टेस्ट म्याच खेल्ने राष्ट्रसँग खेलेर इतिहास रचेको थियो । नेपालले आइसिसी क्रिकेट विश्वकप लिग दुईमा उत्कृष्ट प्रदर्शन गरेर ओडिआई दर्जा सुरक्षित गर्न सफल भएको थियो । नेपाली क्रिकेट टिम अहिले दक्षिण एसियाको उदाउँदो टिम मानिएको छ । सन् २०२४ मा टी-ट्वान्टी विश्वकप खेलेको नेपाल अब सन् २०२६ मा तेस्रोपटक विश्वकपमा प्रतिस्पर्धा गर्न यही अक्टोबरमा हुने छनोटका लागि प्रतिस्पर्धा गर्दै छ ।

### महिला टिमको सफलता

नेपाली महिला क्रिकेट टिमले पहिलोपटक ट्वान्टी-ट्वान्टी विश्वकप छनोटमा स्थान बनाउनु पनि मुलुकका लागि ठूलो उपलब्धि हो । नेपालले थाइल्याण्डको राजधानी बैंककमा एसियाको क्षेत्रीय छनोटअन्तर्गत सुपर थ्रीमा नेपालले यो महत्त्वपूर्ण अवसर हासिल गरेको थियो । नेपाली महिला राष्ट्रिय क्रिकेट टिमले मुलुकलाई विभिन्न पटक सफलता दिलाउँदै आइरहेको छ । एसिसी प्रतियोगितामा लगातार उत्कृष्ट प्रदर्शन गर्न सफल नेपाली महिला टिमले दक्षिण एसियाली खेलकुदअन्तर्गत सन् २०१९ मा रजत पदक पाएको थियो । नेपाल महिला टिमले टि-ट्वान्टी विश्वकप छनोटमा सहभागिता जनाउँदै आइरहेको छ ।

### फुटबलको गोल

नेपालले १० वर्षको अवधिमा फुटबल खेलमा पनि केही महत्त्वपूर्ण सफलता हासिल गरेको थियो । सन् २०१५ मा साफ यु नाइन्टिन च्याम्पियनसीप, बंगबन्धुकप, एएफसी सोलिडचारिटीकप, सन् २०१६ मा दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक हासिल गरेको थियो । सन् २०१९ को एएफसी एसियाकप छनोटमा नेपालले फिलिपिन्स र यमनसँग बराबरीको खेल खेलेको थियो । सन् २०२१ को साफ च्यापियनसीपमा नेपाल दोस्रो भएको थियो । सन् २०२२ को फिफा विश्वकप छनोट प्रतिस्पर्धामा नेपालले चाइनिज ताइपेईलाई शून्यकाविरुद्ध दुई गोलले पराजित गरेको थियो ।

सन् २०२३ मा नेपालले सन् २०२६ को फिफा विश्वकप छनोटको पहिलो चरणमा लाओसविरुद्ध पहिलो खेल बराबरीमा रोक्नु तथा दोस्रो खेलमा शून्यकाविरुद्ध एक गोलले पराजित गर्नु नेपाली फुटबलको सफलता मान्न सकिन्छ । महिला फुटबलतर्फ नेपालले उल्लेखनीय प्रगति गर्दै गएको देखिएको छ । साफ महिला च्याम्पियनसीपमा नेपाल सातपटक उपविजेता भइसकेको छ । नेपाल लगातार सेमिफाइनलमा प्रवेश गरे पनि उपाधि जित्न भने असफल हुँदै आएको छ । नेपाली महिला टिम दक्षिण एसियाली खेलकुदमा तीन पटक रजत पदक विजेता बनेको छ ।

### राष्ट्रिय खेल भलिबल

नेपालमा गणतन्त्र आएपछि खेलकुदमा भएका उपलब्धिमध्ये राष्ट्रिय खेलको घोषणा हुनु पनि हो । विगतमा कुन खेल राष्ट्रिय खेल हो भनेर अन्योल परिरहेको अवस्थामा नेपालको जुनसुकै भूभागमा पनि खेल्न सकिने भलिबललाई २०७४ सालमा राष्ट्रिय खेल घोषणा गरिएपछि यो खेलमा विभिन्न सफलता प्राप्त भइरहेका छन् ।

नेपालका पुरुष तथा महिला खेलाडीहरूले भलिबलमा प्रशंसनीय खेल प्रदर्शन गर्दै आइरहेका छन् । नेपालमा विदेशबाटसमेत भलिबल खेलाडी आएर व्यावसायिक खेल खेल्नु सानो उपलब्धि होइन । नेपाली महिला भलिबल टिमले दक्षिण एसियाली खेलकुदमा दुईपटक रजत तथा तीनपटक कास्य पदक जितिसकेको छ ।

### विदेशी टिममा पनि नेपाली

नेपालका विभिन्न क्रिकेट खेलाडी व्यावसायिकरूपमा विदेशका टिममा आबद्ध भएर खेल्नुलाई पनि मुलुकको खेलकुदको उपलब्धि मान्न सकिन्छ । क्रिकेटर सन्दिप लामिछाने भारतमा इण्डियन प्रिमियर लिग खेल्ने पहिलो नेपाली खेलाडी हुन् । सन्दिपले विश्वका विभिन्न फ्रेञ्चाइज लिग खेल्ने मौका पाए । सोमपाल कामी, रोहित पौडेल, दिपेन्द्र सिंह ऐरी जस्ता खेलाडीले विभिन्न अन्तर्राष्ट्रिय टिमका तर्फबाट खेलेर आफ्नो खेल कौशल देखाएका थिए ।

यसपालि एक्कै याममा थुप्रै नेपाली फुटबल खेलाडी बंगलादेशमा व्यावसायिक खेलाडीका रूपमा खेल्दै छन् । नेपाली राष्ट्रिय टिमका कप्तान तथा गोलकिपर किरण चेम्जोङ बंगलादेशको पुलिस टिममा अनुबन्धित छन् । सोही क्लबमा नेपालमा आयुष घलान पनि आबद्ध भएका छन् । यस्तै अन्य छ नेपाली खेलाडीलाई पनि बंगलादेशमा अनुबन्धित गरिएको छ । नेपाली फुटबल खेलाडी रोहित चन्द इण्डोनेसियाको लिगमा पेरिसा जकार्ता फुटबल क्लबका तर्फबाट लामो अवधिसम्म चर्चित भएका थिए ।

नेपाली महिला फुटबलर सावित्रा भण्डारी साम्बा फ्रान्सको व्यावसायिक यात्रापछि हाल न्युजिल्याण्डको वेलिङटनको फोनिक्स क्लबसँग आबद्ध भएकी छन् । अञ्जिला तुम्बापो सुब्बा, प्रीति राई, रेखा पौडेललगायतका खेलाडीको विदेशी क्लबको अनुभव मुलुकको टिमका लागि अनुभव हासिल गर्ने राम्रो अवसर भएको महसुस गरिएको छ ।

### अन्त्यमा

राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत हाल सयौं खेल संघ भएता पनि कयौं संघ निस्क्रिय अवस्थामा रहेका छन् । यस्तो अवस्थामा नेपालको खेलकुदको महत्त्वपूर्ण हिस्सा विभागीय टिमहरूले धानिरहेका छन् । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले राम्रा खेलाडीहरूलाई रोजगारीको अवसर दिएर खेल्ने मौका प्रदान गरिरहेका छन् । तर नेपालमा खेलाडीहरूका लागि रोजगारका अन्य अवसर अत्यन्त सीमित रहेका छन् ।

नेपालभर रहेका स्कुलहरूमासमेत खेलकुद शिक्षक अनिवार्य गर्न सकिएको छैन । मुलुकबाट दिनहुँ हजारौं युवाहरू अध्ययन, रोजगारी तथा अन्य प्रयोजनका लागि विदेश गइरहेको सन्दर्भमा नेपालको खेलकुद क्षेत्रमा पनि अनुभवी खेलाडीहरूको कमी हुँदै गइरहेको महसुस गरिएको छ ।

मुलुकका लागि महत्त्वपूर्ण पदक जितिसकेका कयौं खेलाडीहरू पनि अहिले विभिन्न देशमा गई कार्यरत छन् । यसरी अनुभवी खेलाडीहरू मुलुकबाहिर जाने क्रम बढदै गएमा भोलिको दिनमा नेपाली खेलकुद क्षेत्रलाई पनि समस्या पर्ने अवस्था देखिएको छ । विश्वजगतमा राष्ट्रको छवि बढाउने खेलाडीहरूलाई उचित प्रोत्साहन गरी नेपालमा खेलेर पनि बाँच्न सक्ने अवस्थाको सिर्जना गर्नका लागि सरकार तथा सम्बन्धित निकायको सक्रियता अपेक्षित मानिएको छ ।

खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी सबैको लागि खेलकुद भन्ने अभियानलाई अघि बढाउनुपर्ने आवश्यकता महसुस गरिएको छ । विशेषगरी सरकारी तथा गैरसरकारी एवं निजी क्षेत्रबीच समन्वय, सहकार्य तथा साझेदारीको विकास गरी खेलकुदको विकास तथा विस्तार कार्यलाई जोड दिनुपर्ने देखिन्छ । *रासस*



**ओखलमा धान कुट्दै** | जुम्लाको तिला गाउँपालिका-५ स्थित नुवाकोट गाउँका महिला ओखलमा धान कुट्दै । यस भेगमा अझै पनि परम्परागत तरिकाले मकै र गहुँ घट्टमा पिस्ने र धान ओखलमा कुट्ने चलन कायमै रहेको छ । *तस्बिरः विजय रावत/रासस*

# तालिमले फेरिएको जुगरानीको जीवन

## केराको रेसाबाट कपडा उत्पादन

**भजनी (कैलाली)**– टीकापुर नगरपालिका-५ की जुगरानी चौधरीको दुई महिना अगाडिको समय निकै सकसपूर्ण थियो । दिनभर घरायसी काममा व्यस्त देखिने उनको कामबाट परिवार पनि सन्तुष्ट थिएन । उनी घरमा जति काम गरे पनि त्यसबाट आम्दानी नहुने भएपछि मानसिक तनाव हुने गरेको बताउँछिन् । जुगरानीलाई सहकारी संस्थाले तालिमका लागि सिफारिस गरेर सिकेको २५ दिने तालिमले उनको जीवन फेरिएको छ । एक संस्थाले २५ दिनसम्म दिएको तालिमले उन उद्यममा जोडिन सफल भएकी हुन् ।

२५ दिनको निःशुल्क तालिमसहित ५० प्रतिशत अनुदानमा कपडा बुन्ने उपकरण सहयोग गरेपछि जुगरानीसहितका महिला उद्यममा जोडिन सफल भएकी छन्। जुगरानीले अहिले केराको रेसाबाट काँचो कपडा बुन्ने काम थालेकी छन् । आजभोलिको दैनिकी कपडा बनाउने काममै बित्ने गरेको छ । 'खेर जाने केराको बोट (थाम) बाट कपडा हुन्छ भन्ने विश्वास गर्न नसकेकी म आफैं कपडा बनाउन थालेकी छु,' उनी भन्छिन्, 'आजभोलि परिवारले पनि विश्वास गर्न थालेको छ । आफूलाई पनि आत्मनिर्भर भएको महसुस हुन्छ ।'

टीकापुर नगरपालिका-८ स्थित धनसिंहपुर एकता समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारीमा आठ जना सदस्यलाई तालिममा सहभागी गराएर कपडा उत्पादन गर्ने सुरु गरेपछि महिला आत्मनिर्भर बन्दै गएका छन् । तालिमबाट आत्मनिर्भर बनेका महिला काम पाएपछि निकै उत्साहित भएर काम गरिरहेका छन् । 'सीप भएपछि पैसा कमाउन समस्या नहुँदोरहेछ । समाजले हेर्ने दृष्टिकोणमा फेरिँदोरहेछ ।' सोही ठाउँकी कमला साउदले भनिन्, 'हिजो घरमा बसेर दिन बिताउन मुस्किल हुन्थ्यो भने आजभोलि समय नै पुग्दैन ।'



महिलाहरूले उत्पादन गरेको कपडा काठमाडौं लगिन्छ । प्रतिमिटर ३०० रूपैयाँमा काठमाडौंको अल्लो बजारले कपडा खरिद गर्दै आएको छ । मागअनुसार पुर्‍याउन नसकिएको वडा नं ७ की सकुन्तला चौधरी बताउँछिन् । 'बजारमा माग निकै छ । एउटै कम्पनीलाई पनि हामीले पुर्‍याउन सकेका छैनौं,' उनी भन्छिन्, 'बुन्न झण्झटिलो हुँदा समय बढी लाग्ने गरेको छ ।' उनले आधुनिक मेसिन भएको भए धेरै उत्पादन गर्न सकिने विश्वास व्यक्त गरिन् ।

उत्पादन भएको कपडा निर्यातका लागि सहकारीले सहजीकरण गर्दै आएको छ । दुई वर्ष अगाडिबाट केराको खेर गइरहेको थामबाट रेसा उत्पादन गर्दै आएको सहकारीले यसभन्दा पहिले रेसा तयार गरेर बिक्री गर्दै आएको थियो । बजारमा रेसाको माग निकै हुँदा पुर्‍याउन नसकिएको सहकारीका व्यवस्थापक रामकृष्ण चौधरीले बताए । 'रेसाका लागि चाहिने कच्चा पदार्थ अर्थात् केराको थाममा हामीले अहिलेसम्म पैसा तिर्नुपरेको छैन । उत्पादन भएको रेसाले बजारको माग धान्न सकेका छैनौं,' उनी भन्छन्, 'अहिले त आफ्नै लागि रेसा पुर्‍याउन सकिएको छैन ।'

महिलाहरूले सरकारबाट सहयोगको अपेक्षा गरेका छन् । उत्पादन भएको कपडाबाट अन्य सामग्री उत्पादनका लागि आवश्यक सीप र आधुनिक मेसिनमा सहयोगको अपेक्षा महिलाहरूले गरेका छन् । 'कपडा उत्पादनसँगै त्यसबाट आवश्यक सामग्री बनाउन सके अझै राम्रो आम्दानी गर्न सकिन्थ्यो,' स्थानीय कमलाकुमारी चौधरी भन्छिन्, 'हामीलाई थप सीप र आधुनिक मेसिनमा सहयोग चाहिएको छ। केही रकम हामी आफैं पनि लगानी गर्न सक्छौं ।'

उनले केराको कपडाबाट टोपी, झोला, चप्पल, जुत्ता, गुन्द्रीलगायत सामग्री उत्पादन गर्न सकिने बताइन् । स्थानीय महिलालाई सिलाइकटाइलगायत तालिममा लाखौं खर्च स्थानीय सरकारले बर्सेनि गर्दै आए पनि आफ्नो क्षेत्रमा खेर गइरहेको कच्चा पदार्थको उपयोग गर्दै आत्मनिर्भर बनाउने काममा लगानी आवश्यक रहेको चौधरी बताउँछिन् ।

'टीकापुर केराको नामबाट परिचित छ । त्यहीँ केराबाट हरेक नागरिक आत्मनिर्भर बन्न सक्ने आधार छन्,' उनी भन्छिन्, 'लगानी आवश्यक छ । स्थानीय सरकारले अन्य महिलालाई पनि यस्तै तालिम दिनसक्यो भने रोजगारी आफैं सृजना गर्न सकिन्छ ।' टीकापुरमा हाल एक हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा केराखेती हुँदै आएको छ । केरा उत्पादन भएपछि खेर गइरहेको केराको बोट (थाम)बाट रेसा उत्पादन गरेर कपडा उत्पादन भइरहेको छ । *रासस*

# गण्डकीमा क्षतिग्रस्त भौतिक संरचनाको प्रारम्भिक मूल्यांकन गरिँदै

**कास्की (प्रस)**– गण्डकी प्रदेशमा जेन-जीको प्रदर्शनका क्रममा क्षति भएका सरकारी, व्यावसायिक तथा निजी भौतिक संरचनाको शनिबारदेखि प्रारम्भिक अध्ययन तथा मूल्यांकन सुरु भएको छ ।

नेपाल इञ्जिनियर्स एसोसिएसन गण्डकी प्रदेशले प्रदेश सरकारसँगको सहकार्यमा यही भदौ २३ र २४ गते प्रदर्शनका क्रममा आगजनी गरी क्षति पुगेका संरचनाको प्रारम्भिक अवस्थाको अध्ययन तथा मूल्यांकन 'र्‍यापिड भिजुअल ड्यामेज एसेसमेण्ट' (आरभिडिए) अभियान सुरु गरेको हो । यस अभियानअन्तर्गत गण्डकी प्रदेश मातहतका विभिन्न मन्त्रालय, सरकारी कार्यालय तथा सार्वजनिक भवनको स्थलगत निरीक्षण गरी क्षतिको अवस्थाबारे तथ्यांक संकलन गरिने एसोसिएसनका सभापति सन्तोष जिसीले बताए । उनका अनुसार इञ्जिनियरहरूको छवटा छुट्टाछुट्टै समूह गठन गरेर क्षतिको अवस्थाबारे तथ्यांक संकलन थालिएको गरिएको छ ।

प्रत्येक टोलीमा एक टोली नेता र पाँच जनासम्म सदस्य रहेका छन् । प्रत्येक टोलीको कार्यक्षेत्र, निरीक्षण क्षेत्र र जिम्मेवारीसमेत तोकिएको एसोसिएसनले जानकारी दिएको छ । यस अभियानबाट क्षतिको वास्तविक विवरण प्राप्त हुने अपेक्षा गरिएको छ ।

सभापति जिसीले भने, 'प्रभावित संरचनाको वर्तमान अवस्थामा सुरक्षित छ वा छैनन् भन्ने निर्धारणका लागि तत्काल प्राविधिक परीक्षण आवश्यक छ । हामीले सुरु गरेको यस अभियानले गण्डकी प्रदेशका सरकारी भवनको वास्तविक क्षतिको अवस्था उजागर गर्दै आगामी दिनमा पुनर्निर्माणको योजनाका लागि प्राविधिक आधार तयार गर्ने छ ।'

त्यसैगरी, अभियानबाट संकलन भएको तथ्यांक तथा जानकारी आगामी चरणमा आवश्यक पुनर्निर्माण, मर्मत तथा जोखिम न्यूनीकरणका लागि महत्त्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ । जेन-जी प्रदर्शनका क्रममा प्रदेशमा सबैभन्दा बढी क्षति पोखरामा भएको छ । मुख्यमन्त्री कार्यालय, प्रदेशसभा, मन्त्रालय, जिल्ला प्रशासन, मालपोत, जिल्ला अदालतलगायत पाँच दर्जनभन्दा बढी कार्यालयमा आगजनी र तोडफोड भएको छ । प्रदर्शनका क्रममा आगजनीमा परेर पोखरामा तीन जनाले ज्यान गुमाएका थिए ।

# बिपी राजमार्ग पुनः मर्मत गरिँदै



**काभ्रेपलाञ्चोक (प्रस)**– एक वर्षअघिको बाढीपहिरोले क्षतविक्षत भएपछि अस्थायीरूपमा निर्माण गरिएको बिपी राजमार्ग चाडवाडमा अवरुद्ध हुन नदिन पुनः मर्मत गरिने भएको छ ।

राजमार्गको क्षतिग्रस्त सडक पुनः मर्मत गर्नेगरी काम अगाडि बढाइने डिभिजन सडक कार्यालय भक्तपुरले जानकारी दिएको छ । कार्यालयले बाढीपहिरोपश्चात् पहिलाको भन्दा केही फिट उचाइमा अस्थायी फिलिङ गरी यातायात सञ्चालन गरेको थियो । यसपटकको वर्षामा थप क्षति हुन नदिन सतर्कता अपनाउँदै स्रोत साधन तयारी अवस्थामा राखेर खाल्डाखुल्डी पुरेर यात्रा सहज बनाइने कार्यालयले जानकारी दिएको छ ।

यसपालिको क्षति रोक्न काभ्रेपलाञ्चोकतर्फको चौकीडाँडा, कटुञ्जेबेँसी, मंगलटार र माम्तीमा ग्याबिन जालीसहित पर्खाल लगाइएको र सडक अवरुद्ध भइहाले पन्छाउन विभिन्न उपकरण तयारी अवस्थामा राखिएका छन् । कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले वर्षायाममा बाढीपहिरोका कारण हुनसक्ने सम्भावित जोखिमलाई ध्यान दिँदै तत्काल हटाउन सडक पुनर्निर्माणका लागि आवश्यक उपकरण तयारी अवस्थामा राखिएका बताए ।

'दसैं तिहारलगायत चाडवाडमा अवरुद्ध हुन नदिन सजगता अपनाइएको छ, एक-दुई दिनभित्र सडकका खाल्डाखुल्डी पुरेर सडक सुधार गर्दै यात्रा सहज बनाउन लागिएको छ,' उनले भने । उनका अनुसार सडकलाई 'ग्रेडिङ' गरेर 'रोलिङ' गर्न लागिएको हो । २०८१ असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी प्रक्रिया अघि बढाइएको छ । बाढीपहिरोले आठ किलोमिटर सडक पूरै बगाएको थियो । क्षतिग्रस्त बिपी राजमार्ग पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको हो ।

उक्त सडकखण्ड क्षतिग्रस्त भएपछि गत सालको दसैंमा त्यस मार्ग भएर पूर्वतर्फ घर जान चाहनेले वैकल्पिक मार्ग प्रयोग गरेका थिए । 'यो मनसुनमा राजमार्ग अवरुद्ध हुन दिइएन, अब दसैंलगायत चाडपर्वमा अवरुद्ध हुन नदिन पुनः मर्मत थाल्दै छौं, वैकल्पिक सडक गर्नुपर्ने बाध्यता हुन नदिनेगरी मर्मत गर्दैछौं,' योगेशले भने । उनका अनुसार बाढीपहिरो आए निर्माण व्यवसायीले नै खुलाउने सम्झौता भएको छ ।

यसका लागि ठेक्का लागेका व्यवयासी मेसिन लिएर बाढीपहिरो आए सडक खुलाउन तैनाथ रहेको योगेशको भनाइ छ । उक्त राजमार्गमा जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आएकामा यही असोज १ गतेदेखि २४सै घण्टा सञ्चालनमा ल्याइएको छ । त्यसअघि राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म १२ घण्टा राजमार्गमा यात्रुबाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउँदै आएको थियो ।

हाल दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवार्डका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन् । उक्त राजमार्ग दुई वर्षमा पुनर्निर्माणका लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको छ । स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र सुरु हुने जनाइएको छ ।

क्षतिग्रस्त राजमार्गको पाँच किलोमिटर सडकखण्डमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले काम गर्ने छ । जाइकाले पिप्लेदेखि बर्खेखोलासम्म ३.२ किलोमिटर सडक निर्माण गर्ने छ । त्यसका लागि फाइनल सर्भेको काम सकिएको र ठेक्का सम्झौताको चरणमा रहेको योगेशले बताए । बाँकी सिन्धुलीतर्फको एक सडकखण्ड र काभ्रेपलाञ्चोकतर्फको दुई सडकखण्डमा ठेक्का सम्झौताको तयारी भइरहेको उनको भनाइ छ ।

उक्त यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो । सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि सडक डिभिजन भक्तपुरलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको खुर्कोट सडकखण्डलाई एक अर्ब रूपैयाँ उपलब्ध गराएको छ । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माणकार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारि करूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ ।

गौरादह नागरपालिका
नगर कार्यपलिकाको कार्यालय
गौरादह, झापा, कोशी प्रदेश, नेपाल

जनहितमा जारी सन्देश

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगीको लक्षणहरूः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरू, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरू आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक

सोमबार, ०६ असोज २०८२ (Monday, 22 September 2025)

रूपशाला

## हिमाञ्चल बने नयाँ मिस्टर नेपाल

मिस्टर नेपाल वर्ल्डको उपाधि ललितपुरका हिमाञ्चल राज केसीले जितेका छन् । शनिबार साँझ होटल सोल्टीमा आयोजित ग्राण्ड फिनालेमा उनले सो उपाधि हात पारेका हुन् । प्रतियोगितामा झापाका गिरिशरन शाक्य 'मिस्टर ग्लोबल नेपाल' र मोरङका प्रकाश चौहान 'म्यान अफ द वर्ल्ड' घोषित भए । विजेताहरूले 'मिस्टर वर्ल्ड २०२५,' 'मिस्टर ग्लोबल २०२५' र 'म्यान अफ द वर्ल्ड'मा नेपालको प्रतिनिधित्वको अलवा पाँच लाख रुपैयाँबराबरको पुरस्कार हात पारेका छन् ।



# ललितपुरको कुञ्जमा आनाको एकल कला प्रदर्शनी

**काठमाडौं–** एउटा सुन्दर गुम्बा छ । छेवैमा सानो ताल, वरिपरि प्रकृति, तालमा कमललगायतका फूल फक्रिरहेका छन् । कलाकार आना ढकालले प्रकृतिलाई उधिनेर क्यान्भासमा सजाएका यो दृश्य ललितपुरको सानेपास्थित कुञ्ज कला प्रदर्शनीको एउटा आकर्षण हो ।

चितवनको भरतपुरस्थित घर नजिकै आमाले हरेक हप्ता त्यही गुम्बामा लैजान्थिन् । उनको मानसपटलमा त्यो गुम्बा रहिरह्यो । जहिले पनि त्यहाँ पुग्दा उनलाई शान्ति मिल्थ्यो । त्यो बाल्यकालको छाप काठमाडौं आउँदा पनि मेटिएन । गुम्बाको याद सधैं आइरहने हुँदा तेल रङले क्यान्भासमा उतारेर राखिन् । एक वर्षअघि बनाएको चित्र अहिले उनको सानेपामा जारी पहिलो एकल कला प्रदर्शनीमा समावेश छ ।



प्रदर्शनीको अर्को आकर्षण हो– बौद्धमा रहेको गुम्बा । कुनै एक विदेशीले बौद्धमा सहर बस्नुअघि नै खिचेको पुराना तस्बिरहरू उनले सँगालेकी थिइन् । त्यसमध्येको केही तस्बिरलाई उनले क्यान्भासमा तेल रङमार्फत उतारेकी छन् । जहाँ बौद्ध वरिपरि परम्परागत घरहरू मात्रै छन् । बाँकी सुन्दर प्रकृति अनि फाँटहरू । अहिले त्यो दृश्य तस्बिर र यस्तै क्यान्भासमामात्रै सीमित छ । उनले त्यही पुरानो यादलाई क्यान्भासमार्फत जीवन्त दिन खोजेकी छन् ।

त्यही बौद्धको पुरानो सम्झनालाई उनले क्यानभासमा भरेर प्रदर्शन गरेकी छन् । फरक-फरक कोणबाट खिचिएका बौद्धका तस्बिरलाई उनले क्यानभासमा उतारेकी छन् । उनलाई बौद्धले सबै तानिरहने सुनाइन् । चार वर्षअघि बनाएको चितवनकै गर्मीको समयको सूर्यमुखी फूललाई पनि उनले देखाएकी छन् । आना त्यसलाई वास्तविकभन्दा फरक शैलीमा प्रस्तुत गर्न रुचाउँछिन् ।

यस्तैयस्तै प्रकृति, त्यसमा खेलिरहने फूल र केही बौद्ध गुम्बालाई विषय बनाएर आना अहिले यहाँ 'इन द सेल्टर अफ नेचर' शीर्षकमा एकल कला प्रदर्शनी गरिरहेकी छन् । अझै आठ दिन यहाँ उनको कला हेर्न सकिन्छ । उनी भन्छिन्, 'मानव जीवनको प्रकृतिसँग कति सम्बन्ध छ भनेर देखाएकी छु ।' उनले प्रदर्शनीमा कतिपय फूलहरू पनि समावेश गरेकी छन् । बौद्धको पुराना तस्बिरलाई क्यानभासमा उतारेकी छन् । जुनबेला सुन्दर फाँट र परम्परागत घरहरूको बीचमा रहेको बौद्ध गुम्बालाई उनले विषय बनाएर फरक-फरक कोणबाट क्यान्भास सजाएकी छन् ।

'म मान्छेसँग टाढिएर प्रकृतिसँग नजिक भएँ, जीवनमा प्रकृतिले धेरै असर पारेको छ, त्यसैले प्रकृति र धर्म, संस्कृति र फूलहरू मेरा विषय बनिदिन्छन्,' उनी थप्छिन् । वनजंगल, खोला पुलपुलेसा, भिरपाखा, पखेरा, तालतलैया, आकाश, बादल, चराचुरुंगी, जीवजन्तु र डाँडाकाँडा उनको सृजनाका रुचिका विषय हुन् । त्यही प्राकृतिक सुन्दरतामा उनको कुची चलेको छ । प्रकृतिसँगको गहिरो सम्बन्ध यो प्रदर्शनीमा देख्न सकिन्छ । उनको मुख्य रुचि तेल रङलाई खेलाउनु हो ।

'प्रकृतिपछि बौद्ध सबै नेपालीहरूबीच नजिक छ, बुद्ध एकदम शान्त लाग्छ,' आना भन्छिन्, 'मनले माग्छ अनि प्रकृतिसँगै त्यसलाई पनि उतार्छु ।' उनी कलालाई शब्दले बयान गर्न सकिँदैन भन्छिन् । उनले थपिन्, 'रङमार्फत प्रकृतिलाई बुझाउने प्रयास गर्छु, प्रकृतिले नबोलीकन धेरै कुरा सिकाउँछ भनेर देखाउन खोजेकी छु । प्रदर्शनी हेरिदिनुस् ।'

आनाले कला पढेकी होइन, आफैं घरमा बनाउँदाबनाउँदै सिकेकी हुन् । पाँच वर्षदेखि कला साधनामा उनी सक्रिय छिन् । अन्य कलाकारका भन्दा उनका सृजना कमजोर लाग्दैनन् । उनी आफ्नै शैलीका सृजना गर्छिन् । परम्परागत कलामा पनि उनलाई रुचि छ । थाङ्कामा पनि चाहना छ ।

कहिलेकाहीँ कतिपय समयमा ग्रीनतारालाई विषय बनाएर आफ्नै शैलीले रङ भर्छिन् । यहाँ हेर्न आएका कला पारखीहरू अझै कलामा उच्च शिक्षा गरे भने अझै कलामा निखारता आउने सुझाव उनलाई दिन्छन् ।

जेन-जी पुस्ताबाट केही महिना नाघेकी आनाले भ्रष्टाचार रोकौं भनेर भदौ २३ गते जेन-जीको वास्तविक मागको समर्थन गर्दै माइतीघर पुगिन् । भ्रष्टाचार रोक्ने नारासहित ग्रामीण दृश्यचित्र बोकेर गएकी आनाको उक्त क्यान्भासमा सयौं युवाले हस्ताक्षर गरेर उनको अभियानमा समर्थन जनाए । त्यही क्यान्भासलाई पनि उनले यहाँको प्रदर्शनीमा राखेकी छन् ।

अझै आफूलाई निखार्दै गरेको बताउने आना अग्रज कलाकारको सृजना हेरेर पनि धेरै सिकिरहेकी सुनाउँछिन् । आधा समय कला सृजना गरेर बिताउने र आधा समय प्रकृति र फूलसँग खेल्ने गरेको सुनाउने आना सहरबजारभन्दा गामीण परिवेशप्रति रुचि रहने बताउँछिन् । त्यसैले उनको सृजनामा पनि ग्रामीण दृश्यहरू देख्न पाइन्छ । काठमाडौंमा मन्दिर गुम्बाहरूमा उनी घुम्न जान्छिन् । त्यहाँबाट पनि प्रभावित हुने गरेको आनाले सुनाइन् ।

अहिले ललितपुरमा कुञ्जको प्रस्तुतिमा उनको एकल कला प्रदर्शनी भइरहेको छ । चार वर्षदेखि बनाएका १५ कलालाई उनले प्रदर्शनीमा राखेकी छन् । आयोजक कुञ्जकी अध्यक्ष स्वेता चन्द उनले यहाँ प्रकृतिलाई सुन्दर ढंगले प्रस्तुत गरेको बताइन् । कुञ्जले गरेको यो दोस्रो कला प्रदर्शनी हो । *रासस*

रंगशाला

# नेपालका चार खेलाडीले विश्व 'माउन्टेन' र 'ट्रेल रन च्याम्पियनसिप' खेल्ने

**काठमाडौं (प्रस)–** नेपालका चार खेलाडीले स्पेनमा हुने तेस्रो संस्करणको विश्व 'माउन्टेन' र 'ट्रेल रन च्याम्पियनसिप' खेल्ने भएका छन् । विश्व एथलेटिक्सले आयोजना गर्न लागेको उक्त प्रतियोगितामा नेपालबाट सुमन कुलुङ, सांगे शेर्पा, मनकुमार रोका र सुनमाया बुढाले चुनौती पेस गर्ने भएका हुन् ।

स्पेनको क्यान फ्रान्कमा हुने प्रतियोगिता सेप्टेम्बर २४ देखि २९ तारिकसम्म सञ्चालन हुँदै छ । प्रवेशाज्ञाका कारण पूरा टिम सहभागी हुन नपाए पनि नेपालबाट सबैभन्दा माथिल्लो वरीयताका ट्रेल रनरले विश्वस्तरीय प्रतियोगितामा देशको प्रतिनिधित्व गर्न लागेका हुन् ।

कुलुङ एसिया वरीयताका एक नम्बर खेलाडी हुन् भने महिलातर्फ नेपाल नम्बर एक खेलाडी सुनमाया बुढा एसिया वरीयताकी तेस्रो नम्बरकी खेलाडी हुन् । चारै जना खेलाडीले सिंगल लामो दूरीको ट्रेल रनमा प्रतिस्पर्धा गर्ने छन् ।

टोली व्यवस्थापक प्रिती खत्रीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेलाडी छनोट गरिएको बताइन् । जहाँ पुरुष खेलाडीका लागि योग्यता हासिल गर्न ८६० भन्दा बढी आइटिआरए स्कोर आवश्यक थियो । जसमा शीर्ष तीन पुरुष र महिला खेलाडी छनोट भएका हुन् । खत्रीले भनिन्, 'हाम्रा खेलाडीले असाधारण प्रदर्शन र विश्वस्तरीय र्याङकिङका आधारमा आफ्नो स्थान सुरक्षित गरेका हुन् ।'


## बुढीगंगा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ, कोशी प्रदेश, नेपाल

## गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऔँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।





## युएइमा रोजगार
कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 326140 | चलानी नं.६०२४००६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 135 | 24 | 1000 | ३८,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## कुवेतमा रोजगार
कम्पनी : UNITED DIAMOND COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ | LT. No. 330998 | चलानी नं. ६०२४५१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 3 | 0 | 100 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 16 | 0 | 140 | ६४,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १३ गते (29th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

